जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २८० २०८० साल असार १ गते शुक्रबार (16 June 2023 Friday) मूल्य रु. ५/-

हावाहुरीबाट बचौं र बचाऔं

➢ घरको संरचना बलियो बनाऔं,
➢ हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
➢ छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
➢ छतका गमला सुरक्षित रुपमा राखौं,
➢ जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
➢ हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
➢ सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
➢ हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

जनहीतका लागि

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : नीति र बजेट, प्रवृत्ति र... ३ पृष्ठमा : ज्येष्ठ नागरिकसम्बन्धी ऐन छ,... ३ पृष्ठमा : निस्सासिएर दुई जना खानी...

# एकै दिन तीन महिला र एक पुरुषद्वारा विषादी सेवन

## चारै जनाको अवस्था मध्यम : प्रहरी

**दैनिक समाचारदाता**
**राजविराज, ३२ जेठ ।**

विभिन्न घरायसी कारणले सप्तरीमा एकै दिन बिहीबार तीन महिला र ए पुरक्षले विषादी सेवन गरि आत्महत्याका प्रयास गरेका छन् ।

प्रहरीका अनुसार जिल्लाको राजगढ गाउँपालिका १ झुटकी घर भई हाल राजबिराज नगरपालिका ८ हिमालय टोलमा डेरा गरी बस्ने ३७ वर्षिया फुल कुमारी यादवले नाम नखुलेको मुसा मार्ने विषादी सेवन गरेकी छिन् ।

उनको हाल गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचार भईरहेको तथा अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

यस्तै बिहीबारै जिल्लाको सुरुङगा नगरपालिका १ वस्ने २२ वर्षिया दिपा केसीले नाम नखुलेको बिषादी सेवन गर्दा बिरामी भई सिरहाको लहानस्थित सप्तऋषी अस्पतालमा उपचार भइरहेको तथा उनको अवस्था मध्यम रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

बिहीबारै जिल्लाको महादेवा गाउँपालिका ४ बलिया बस्ने ३० वर्षिय मिथलेश कुमार रामले श्रीमतिसँग घरायसी वादविवादमा धानमा छर्ने करेन्ट नामक विषादी सेवन गरेको प्रहरीले जनाएको छ । उनको गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचार भईरहेको तथा अवस्था मध्यम रहेको जनाइएको छ ।

यसैगरि सोही दिन जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १४ मल्हनिया टोल बस्ने ५८ वर्षिया घनादेवि खंगले धानमा बालीमा छर्ने रोको नामको बिषादी सेबन गरेकी छिन् । विषादी सेवनबाट बिरामी भई उनलाई गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचारका लागि भर्ना गरिएको छ । उनको अवस्था पनि मध्यम रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसरी जिल्लामा विभिन्न कारणले विषादी सेवन र झुण्डिएर आत्महत्याको प्रयास तथा आत्महत्या गर्नेको संख्या दिनप्रति दिन बढ्दै गइरहेको छ । चालु आ.ब. को जेठ महिनासम्ममा १ सय १ जनाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कले देखाएको छ ।

# मनसुन भित्रियो

काठमाडौं, ३२ जेठ (रासस) ।

नेपालमा यस वर्षको मनसुन बुधबारदेखि भित्रिएको छ । नेपालमा मनसुन भित्रिने सरदर समय जुन १३ तारिख भए पनि यस वर्ष सरदर मितिभन्दा एक दिन ढिला मनसुन भित्रिएको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

बुधबार नेपाल भित्रिएको मनसुन कोशी, पूर्वी मधेस, बागमती प्रदेशका अधिकांश भू-भाग र गण्डकी प्रदेशका पूर्वी भूभागसम्म पुगेको मौषमविद् राजु प्रधानाङ्गले जानकारी दिनुभयो । उहाँका अनुसार नेपालका अन्य भू-भागमा भने केही दिनमा क्रमिकरुपमा मनसुन फैलिँदै जाने छ ।

यस वर्ष देशका अधिकांश स्थानमा औसतभन्दा कम वर्षा हुने प्रक्षेपण जल तथा मौसम विज्ञान विभागले यसअघि नै गरिसकेको छ । यद्यपि, यो सम्भावना स्थानपिच्छे फरक-फरक हुने जनाइएको छ ।

यसअघि गत दुई वर्ष लगातार औसतभन्दा बढी वर्षा हुने प्रक्षेपण विभागले गरेको थियो । गत वर्ष भने औसतमै वर्षा भएको थियो । नेपालमा जुन, जुलाई, अगस्त र सेप्टेम्बर चार महिनालाई मनसुनको अवधि मान्ने गरिएको मौषमविद् प्रधानाङगले बताउनुभयो । यसपालिको मनसुनमा देशभर १२ लाख ५४ हजारभन्दा धेरै नागरिक प्रभावित हुने अनुमान गरिएको छ । विपद् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार दुई लाख ८६ हजारभन्दा बढी घरपरिवारलाई यस वर्षको मनसुनले असर गर्नसक्ने सम्भावना छ ।

पछिल्लो २४ घण्टामा लमजुङको खदीबजारमा सबैभन्दा बढी एक सय ३५ दशमलव दुई मिलिमिटर वर्षा मापन गरिएको महाशाखाले जनाएको छ । त्यसैगरी बुधबार काठमाडौंमा ३९ दशमलव पाँच मिलिमिटर पानी परेको महाशाखाद्वारा जारी बुलेटिनमा उल्लेख छ ।

# ‘बजेट विनियोजनमा महिला र मधेसलाई उपेक्षा गरियो’

काठमाडौं, ३२ जेठ (रासस) ।

सांसद राजकिशोर यादवले बजेट विनियोजनमा महिला र मधेसलाई उपेक्ष गरिएको भन्दै सच्चाउन माग गर्नुभएको छ । प्रतिनिधिसभाको बिहीबारको बैठकमा विनियोजन विधेयक २०८० अन्तर्गत विभिन्न मन्त्रालयगत छलफल माथि भाग लिँदै उहाँले बजेट विनियोजन सन्तुलित रुपमा नभएको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो,“ बजेटले महिला र मधेसलाई विभेद तथा उपेक्षा गरेको छ । मन्त्री र प्रधानमन्त्रीलाई सोध्न चाहन्छु, मधेशसँग के रिस उठेको हो ? मधेशलाई किन उपेक्षा र विभेद गरिएको हो ?”

छलफलमा भाग लिँदै सांसद भानुभक्त जोशीले बजेटको विनियोजन आवश्यकता आधारमा भन्दा पनि पहुँचका आधारमा बजेट विनियोजन गरिएकाले सच्चाउनुपर्ने बताउनुभयो । उहाँले नीति तथा कार्यक्रम र बजेट वक्तव्य अनुसार वन तथा वातावरण मन्त्रालयका लागि बजेट विनियोजन नभएको बताउनुभयो ।

“बझाङ जिल्लाको विभिन्न स्थानमा पहिरो नियन्त्रण र वृक्षरोपणका तथा जोखिममा रहेका बस्तीको व्यवस्थापनका लागि मन्त्रालय र विभागमा निवेदन दिएको थिए । तर दुई वटा सिँचाइ कुलो, सुविद्यासम्पन्न शौचालय र प्रतिक्षालयमा केही रकम विनियोजन गरिएको रहेछ”, उहाँले भन्नुभयो, “कस्को सुझावमा आउछ बजेट ? यस्तो बजेटलाई कसरी समर्थन गर्ने ?”

# छिमेकीको कुटपिटबाट एक जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ३२ जेठ ।**

सप्तरीको महादेवा गाउँपालिकामा छिमेकीको निर्घात कुटपिटबाट एक जना घाइते भएका छन् ।

महादेवा गाउँपालिका ३ का विजय यादवलाई छिमेकी लक्ष्मी यादवका छोरा मेघ नारायण यादवको एक समुहले झै झगडाको क्रममा निर्घात कुटपिट गरेका हुन् ।

सो समूहले उनलाई कुटपिट गर्नुका साथै उनको दुई वटा घरमा तोडफोड समेत गर्दा २ लाख पचास हजार मुल्य बरावरको क्षति भएको स्थानिय प्रहरी चौकी डीमनले जनाएको छ ।

सो घटनामा संलग्न रहेको आरोपमा राजविराज १० का निरज मण्डल र वडा नं. ६ का निरज यादव, छिन्नमस्ता गाउँपालिका ६ का संतोष कुमार यादव र संतोष यादवलाई डिमन प्रहरीले नियन्त्रणमा लिई आवश्यक कार्यवाही अगाडी बढाएको वडा नं. ३ का अध्यक्ष रामकुमार यादवले बताएका छन् ।

# कंकालिनी भगवती मन्दिर विकास समितिको निर्वाचन सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ३२ जेठ ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदहस्थित कंकालिनी भगवती मन्दिर विकास समितिको निर्वाचन प्रक्रिया बिहीबार सम्पन्न भएको छ ।

नयाँ नेतृत्वका लागि सम्पन्न निर्वाचनमा कुल १ ५ सय ४४ तामध्ये १ हजार ४ सय ४५ जनाले मतदान गरेको निर्वाचन समितिका संयोजक प्रकाश गुप्ताले जानकारी दिएका छन् ।

उनका अनुसार बिहान ७ बजेदेखि शुरु भएर अपरान्ह ४ बजेसम्म निर्वाचन भएको हो । निर्वाचनका कारण मन्दिरको मूल गेट बन्द गरिएको थियो । श्रद्धालुलाई उत्तरपट्टीबाट मन्दिरभित्र जान दिइएको थियो ।

निर्वाचन समितिका संयोजक गुप्ताका अनुसार बिहीबारै रातिदेखि मतगणना शुरु गरिनेछ ।

मन्दिर विकास समितिको अध्यक्ष पदका लागि श्यामसुन्दर मण्डल, निलेश झा, गुलाव कुमार मण्डल र ओमप्रकाश रजकले उम्मेदबारी दिएका छन् ।

# मुख्यसचिवमा डा अर्याल नियुक्त

काठमाडौं, ३२ जेठ (रासस) ।

सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव डा वैकुण्ठ अर्याललाई मुख्यसचिव पदमा नियुक्त गरेको छ ।

सिंहदरबारमा बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले सचिव डा अर्याललाई मुख्यसचिवमा नियुक्त गरेको खानेपानीमन्त्री महिन्द्र राय यादवले जानकारी दिनुभयो ।

डा अर्याल यसअघि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलगायतमा सचिव हुनुहुन्थ्यो ।

बैठकले मुख्यसचिव शङ्करदास वैरागीको राजीनामा स्वीकृत गरेको छ । सरकारले वैरागीलाई राष्ट्रिय सुरक्षा परिषद्को सल्लाहकारमा नियुक्त गर्ने निर्णयसमेत गरेको छ ।

योग्यता, स्वच्छता, निष्पक्षता: लोक सेवा आयोगको प्रतिबद्धता

➢ योग्यता र प्रतिष्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं।
➢ स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा-पलायन हुनबाट रोक्ने वातावरण निर्माण गरौं।
➢ निर्भिक एवम् निष्पक्ष रूपमा राष्ट्रको सेवा गर्ने अवसर प्रयोग गरौं र गराऔं।

२०८० असार १ गते लोक सेवा आयोगको ७३ औं वार्षिकोत्सव भव्यताका साथ मनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अभिभावकको हेलचक्राईले बालबालिकामा पर्दै गइरहेको असरप्रति ध्यान पुगोस

अभिभावकको हेलचक्राईले अहिलेका बालबालिकाहरु नियन्त्रण बाहिर गइरहेका छन् । सानै उमेरमा बालबालिकाले चाहेको सम्पूर्ण चाहना अभिभावकले पूरा गर्न थालेपछि उनीहरु नियन्त्रण बाहिर जान थालेका हुन् । विद्यालय पढ्ने बालबालिकाहरुले मोबाइल बोक्नु, मोटरसाइकल चढ्न, बढी रकम खर्चिनु लगायतका बानीले उनीहरु पढाईमा कम आफ्नो चाहना पुरा गर्न बढी सक्रिय देखिन्छन् । यसरी विद्यालय जाने उमेरमा यतिका सुख, सुविधा पाउनुमा पक्कै पनि अभिभावककै भूमिका हुन्छ । यो भूमिका अभिभावकका लागि नकारात्मक हो ।

अहिलेको आधुनिक यूगमा हरेक व्यक्तिको जिवनशैली अत्यन्त व्यस्तताका साथ व्यतित भइरहेको छ । जसकारण आफ्नो काम कर्तव्यका कारण घरायसी काममा ध्यान दिएको देखिन्न् । व्यक्तिगत जिवनमा अहिले सबै व्यक्ति आ–आफ्नो काम विशेषका कारण अत्यन्त एकहोरो भएका छन् । यस्तो बेलामा अभिभावकहरु बालबालिकाप्रति निकै जिम्मेवारीपूर्वक प्रस्तुत हुनुपर्दछ । बालबालिकाहरु घरमै बसिररहेको अवस्थामा मोबाईल, टिभि वा भिडियो गेम खेल्नेमा बढी ध्यान दिएको देखिन्छ । यस्तो बेलामा उनीहरु त्यस्ता आधुनिक उपकरणको उपयोग भन्दा दुरुपयोग बढी गरिरहेका त छैनन् भन्ने कुराप्रति सचेत पनि हुनु आवश्यक छ ।

अहिलेको परिवेशमा आधुनिक उपकरणले बालबालिकाहरु एकहोरो बन्दै गएका छन् ।तसर्थ बालबालिकाको प्रत्येक गतिविधीलाई अभिभावकहरु गम्भिरतापूर्वक हेरबिचार गर्नु अति आवश्यक रहेको छ ।

# नीति र बजेट, प्रवृत्ति र प्रगति

**डा दीपेन्द्र रोकाया**
काठमाडौँ, ३२ जेठ (रासस) ।

हरेक वर्ष सरकारको नीति तथा कार्यक्रम सुन्दा अब त केही हुन्छ कि ! जस्तो लाग्छ । पूर्वाधार विकास कार्यक्रम सुनेर मेरो दूरदराजमा बस्ने नेपालीले पनि संविधानले प्रदान गरेको शिक्षा, स्वास्थ्य, रोजगार र खाद्य सम्प्रभूताको अधिकार उपयोग गर्न पाउनेछन् । उनीहरुलाई आफ्नो गाउँ पनि अब राष्ट्रिय सडक सञ्जालमा जोडिने छ भन्ने लाग्छ । तर वर्षौंदेखि उनीहरुका सपना यसरी नै हरेक वर्ष देखिने गर्छ र कार्यान्वयनमा आउँदैन । घोषणा भाषणमै सीमित हुने गर्छ ।

आर्थिक वर्ष २०८०/८१ का लागि राष्ट्रपति रामचन्द्र पौडेलले वर्तमान सरकारको ३४ पृष्ठ लामो १८८ बुँदे वार्षिक नीति तथा कार्यक्रम यही जेठ ५ गते दिउँसो सार्वजनिक गर्नुभयो । यही लयमा अर्थमन्त्री डा. प्रकाशशरण महतले १० दिनपछि वार्षिक बजेट रु १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट प्रस्तुत गर्नुभयो । सरोकारवालाहरुले सार्वजनिक रुपमा टिप्पणी गरिरहँदा नेपाल विकास अनुसन्धान प्रतिष्ठानको आर्थिक विकास विभागमा दुई हप्ता छलफल भयो । आव २०७०/७१ देखि २०७९/८० सम्मको नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट पुस्तिका हेर्दा सुनिएको र देखिएको नीति तथा कार्यक्रम र बजेटको मूल प्रवृत्ति र प्रगति हेरियो ।

सुरुमा नेपालको बजेट तर्जुमाको थालनी २००८ सालमा सुरु भएको थियो । उतिबेला आम्दानीको प्राथमिक स्रोत जग्गा कर, भन्सार र वन थियो भने अनुमानित राजस्व तीन करोड पाँच लाख थियो । खर्च चाँहि सार्वजनिक प्रशासन सेवा, रक्षा र विविध गरी मुख्य तीन भागमा विभाजन गरिन्थ्यो । त्यो बजेटको कुल खर्चÈ क॥ पाँच करोड २५ लाख भएको थियो । नेपालको पहिलो आर्थिक बजेट २००८ माघमा र २००९ को पुसमा आर्थिक वर्ष निर्धारण गरिएको थियो । त्यसपछिका वर्षहरुमा असार र साउनलाई आर्थिक वर्ष मान्ने गरिएको छ ।

आव २०७०/७१ देखि २०७२/७३ सम्म राष्ट्रपति डा. रामवरण यादवले वार्षिक नीति तथा कार्यक्रम र अर्थमन्त्री डा. रामशरण महतले बजेट भाषण सुनाउनु भएको थियो । आव २०७०/७१ मा पाँच खर्व १७ अर्ब २४ करोडको बजेट आएको थियो । सरकारको वास्तविक खर्च चार खर्व ३५ अर्व पाँच करोड भएको थियो । यस्तै आव २०७१/७२ मा १४ पृष्ठ लामो १०६ बुँदे वार्षिक नीति तथा कार्यक्रम र १२५ पृष्ठको १६२ बुँदामा रु छ खर्ब १८ अर्ब १० करोडको बजेट आयो । सरकारको वास्तविक खर्च पाँच खर्व ३१ अर्व ३३ करोड भएको देखियो । यसैगरी २०७२/७३ मा १९ पृष्ठ लामो ११२ बुँदे वार्षिक नीति तथा कार्यक्रम र १२६ पृष्ठको २५३ बुँदामा आठ खर्ब १९ अर्ब ४६ करोड ८८ लाख ८४ हजारको बजेट प्रस्तुत भयो । वास्तविक खर्च छ खर्व एक अर्व तीन करोड भयो ।

यही प्रक्रियामा आव २०७३/७४ देखि २०७९/८० सम्म राष्ट्रपति विद्यादेवी भण्डारीले वार्षिक नीति तथा कार्यक्रम पढेर सुनाउनुभयो । आव २०७३/७४ वार्षिक बजेट अर्थमन्त्री विष्णुप्रसाद पौडेलले ७० पृष्ठमा ४५२ बुँदामा १० खर्ब ४८ अर्ब ९२ करोड १३ लाख ५४ हजारको प्रस्तुत गर्नुभयो । सरकारको वास्तविक खर्च आठ खर्व ३७ अर्व ५४ करोड भएको थियो ।

आव २०७४/७५ मा ३९ पृष्ठ लामो ३९ बुँदे वार्षिक नीति तथा कार्यक्रम आयो । वार्षिक बजेट अर्थमन्त्री कृष्णबहादुर महराले ६९ पृष्ठमा २२७ बुँदामा १२ खर्ब ७८ अर्ब ९९ करोड ४८ लाख ५५ हजारको प्रस्तुत गर्नुभयो । त्यसबेला वास्तविक खर्च १० खर्व ८७ अर्व २७ करोड भएको थियो । आव २०७५/७६ मा ४३ पृष्ठ लामो १०३ बुँदे वार्षिक नीति तथा कार्यक्रम आयो । आव २०७५/७६ देखि २०७७/७८ सम्म अर्थमन्त्री डा. युवराज खतिवडाले बजेट प्रस्तुत गर्नुभयो । आव २०७५/७६ मा ६९ पृष्ठको ३६९ बुँदामा रु १३ खर्ब १५ अर्ब १६ करोड १७ लाखको बजेट आयो । वास्तविक खर्च रु ११ खर्व १० अर्व ४५ करोड भएको थियो ।

यस्तै आव २०७६/७७ मा २६ पृष्ठ लामो २१८ बुँदे वार्षिक नीति तथा कार्यक्रम आयो भने ८७ पृष्ठमा ३२८ बुँदाको बजेट रु १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाखको आयो । वास्तविक खर्च १० खर्व ९१ अर्व ३३ करोड भएको थियो । यसैगरी आव २०७७/७८ मा ६३ पृष्ठ लामो २७६ बुँदे वार्षिक नीति तथा कार्यक्रम आयो भने १२३ पृष्ठको ३४२ बुँदामा रु १४ खर्ब ७४ अर्ब ६४ करोड ५४ लाखको बजेट आएको थियो । त्यस वर्षको वास्तविक खर्च रु ११ खर्व ९६ अर्व ६७ करोड भएको थियो ।

आव २०७८/७९ मा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले १५० पृष्ठको ५०३ बुँदामा रु १६ खर्ब ४७ अर्ब ५७ करोड ६७ लाखको बजेट प्रस्तुत गर्नुभयो । कोभिड महामारीको बेलामा वास्तविक खर्च १३ खर्व १० अर्व भएको थियो । आर्थिक वर्ष २०७९/८० मा ६५ पृष्ठ लामो १४५ बुँदे वार्षिक नीति तथा कार्यक्रम आयो । अर्थमन्त्री जनार्दन शर्माले १२९ पृष्ठको ४३० बुँदामा रु १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाखको बजेट प्रस्तुत गर्नुभयो । असारसम्ममा रु १५ खर्व ४९ अर्व ९९ करोड बजेट खर्च गर्ने अनुमान गरिएको छ ।

उपरोक्त तथ्य बुझ्न नेपालको बजेटलाई चालू खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था हेर्नपर्ने हुन्छ । चालु खर्चमा प्रमुखतः कर्मचारीलाई प्रदान गरिने पारिश्रमिक/सुविधा, कर्मचारीको सामाजिक सुरक्षा, सेवा महसुल, पुँजीगत सम्पतिको सञ्चालन र सम्भार खर्च, कार्यालय सामग्री, भ्रमण, आन्तरिक तथा बाह्य ऋणको ब्याजदर जस्ता खर्चहरु समावेश हुन्छन् । पुँजीगत खर्चमा भवन तथा संरचना, सार्वजनिक निर्माण, सवारी तथा मेशिनरी खर्च, सुरक्षा उपकरण प्राप्ति खर्च जस्ता खर्चहरु समावेश हुन्छन् । वित्तीय व्यवस्थामा खुद ऋण लगानी, खुद सेयर लगानी, ऋणपत्र मार्फत प्राप्त ऋण सावाँ भुक्तानी, वैदेशिक ऋण सावाँ भुक्तानी जस्ता खर्चहरु समावेश हुन्छन् ।

नेपालको बजेटको आकार तीब्र गतिले वृद्धि भएको देखिन्छ । तर विनियोजित बजेटको औसत ८२ प्रतिशत मात्रै सरकारले खर्च गर्न सकेको देखिन्छ । पछिल्लो प्रवृतिलाई हेर्दा यो आवमा पनि विनियोजित बजेटभन्दा वास्तविक खर्च घट्ने देखिन्छ । एक दशकको वास्तविक खर्चको औसत वृद्धि दर हेर्ने हो भने लगभग १६ प्रतिशत छ । तर वास्तविक खर्चको वृद्धि दरलाई प्रचलित मूल्य र स्थिर मूल्यमा हेर्दा, प्रचलित खर्चको वृद्धिदर बढ्दै गएको देखिए तापनि स्थिर खर्चमा भने खासै वृद्धि भएको देखिदैन ।

खर्चको प्रवृत्ति हेर्दा कुल खर्चको अत्यधिक हिस्सा लगभग ६७ प्रतिशत खर्च चालु खर्चमा गएको देखिन्छ । यस्तै १५ देखि २० प्रतिशत मात्र विकास निर्माण कार्यमा खर्च भएको देखिन्छ । चालु खर्चले प्रत्येक वर्षमा पुँजीगत खर्चलाई निरन्तर उछिनेको छ । यसबाट के कुरा थाहा हुन्छ भने सरकार दीर्घकालीन लगानीभन्दा तलब, मर्मतसम्भार र प्रशासनिक खर्चमा अल्मलिनुका साथै परिवर्तनकारी परियोजनाहरूमा पर्याप्त स्रोतहरू विनियोजन गर्न सकिरहेको देखिदैन । यसैले देश कसरी विकास हुन सक्छ र ?

कूल खर्चमा राजस्वको योगदान औसत ६० प्रतिशतका साथ स्थिर रहेको छ । बाँकी रकम परिपूर्तिका लागि अन्य क्षेत्रसँग निर्भर हुनु परेको देखिन्छ । ऋणको भार बढ्दो छ । सहायता घट्दो छ । बजेटको आकार बढ्दो छ । बढ्दो बजेटसँगै राजस्वको योगदान बढ्न नसक्नु र सहायता घट्दै जाँदा, त्यस अन्तरलाई परिपूर्ति गर्न ऋणको मात्रा बढेको देखिन्छ । यसरी बढ्दो बजेटको आकारले ऋणको बोझ बढ्दै गएको देखिन्छ। नेपाली मुद्राको अवमूल्यनले ऋणको दायित्व बढेको छ। गत चैत मसान्तसम्ममा नेपालको कुल ऋण २१ खर्ब पाँच अर्ब रुपैयाँ पुगेको छ ।

बजेटको आकारलाई हेर्दा हामीले निरन्तर वृद्धि भएको देख्न सक्छौं । तर, राजस्वले यी खर्चसँग तालमेल राख्न सकेको देखिदैन । फलस्वरूप, यी लागतहरू पुरा गर्न ऋण र सहायतामा निर्भर हुनु परेको छ । सहायता घट्दो छ भने लक्षित ऋण पनि उठाउन सकिएको देखिदैन । वर्तमान आर्थिक वृद्धि दर केवल दुई प्रतिशत छ । जबकी मुद्रास्फीति लगभग ७.७६ प्रतिशत छ । यस्तो अवस्थामा सरकारले बजेट कार्यान्वयनका लागि आवश्यक समय सीमाभित्र पर्याप्त राजस्व उठाउन निकै ठूलो मेहनत गर्नुपर्ने देखिन्छ ।

यो पृष्ठभूमिमा प्रचण्ड सरकारले अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने, गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने, लगानी मैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको मनोबल उच्च पार्ने, आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने, समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, सङ्घीयताको सबलीकरण र सुशासन कायम गर्ने र बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्य लिएको पाइन्छ ।

यसैगरी सरकारले कृषि, ऊर्जा र पर्यटन क्षेत्रको विकास, लगानी प्रवर्द्धन, औद्योगिक विकास र व्यापार सन्तुलन, सामाजिक क्षेत्रको विकास र सामाजिक सुरक्षा, गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, डिजिटल र हरित अर्थतन्त्रको प्रवर्द्धन, वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, मानव संशाधन विकास र रोजगारी सिर्जना, वित्तीय क्षेत्र सुधार, वित्तीय सङ्घीयताको सुदृढीकरण र सेवा प्रवाहमा सुधार र सार्वजनिक वित्त प्रणालीमा सुधारजस्ता प्राथमिकता अगाडि सारेको पाइन्छ ।

सरकारले ल्याउने नीति तथा कार्यक्रम वार्षिक योजना हो । यसैमा टेकेर ल्याइने वार्षिक बजेट नै सरकारको कार्यान्वयन रुप हो । अहिलेसम्म सत्तामा पुग्ने दलहरुले निर्वाचनका बेला गरेको प्रतिबद्धता नीति तथा कार्यक्रममा हुबहु ल्याउन सकेको देखिंदैन । जति नीति तथा कार्यक्रममा व्यक्त हुन्छ, त्यही मात्रामा बजेटमा सम्बोधन गर्न सकेको पाइँदैन । यो कार्यान्वयन तहमा पुग्दा थोरै सम्पादन भएको पाइन्छ। यसैले राजनीति र सार्वजनिक प्रशासनप्रति जनविश्वास गुम्दै गएको देखिन्छ ।

नेपालको मानव विकासमा सुधार ल्याउने हो भने आयु बढाउन स्वास्थ्य क्षेत्रमा लगानी गर्नुपर्छ । दक्ष जनशक्ति निर्माण गर्न र आम्दानी बढाउन रोजगारमूलक शिक्षा दिनैपर्छ । निजी क्षेत्रलाई प्रोत्साहित गर्नैपर्छ । नेपालमा युवाहरु धेरै छन् । युवाहरु देशका इन्जिन हुन् । करिब दुई दशक यता नेपाली युवाहरुले माध्यमिक तहसम्म कहिल्यै फेल नहुने शिक्षा पाएका छन् । उनीहरु रोजगारी चाहन्छन् । बजारले दक्ष जनशक्ति खोजेको छ । तर कोरा प्रमाण पत्रको भारी बोक्न बाध्य युवाहरुले अदक्ष कामदारकै रुपमा देश छोड्नु परिरहेको छ । अमेरिका र युरोपमा कमाउने भन्दा आधा मात्र कमाई नेपालमै हुने हो भने त्यहाँ पुगेका नेपालीहरु पनि देशमै फर्कनेवाला छन् ।

यो दशकमा सरकार शान्ति र संविधान निर्माण, भूकम्पका कारण क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, कोभिड महामारी नियन्त्रण हुँदै उत्पादन र रोजगारमा केन्द्रित भएको पाइन्छ । नीतिगत रुपमा देशले गन्तव्य खोजिरहेको छ । तर बजेट निर्माण गर्दा धरातलीय यथार्थतामा नटेक्ने र कार्यान्वयनमा कमजोर कार्य सम्पादन हुनुले लक्ष्य भेटाउन सकेको देखिंदैन । यसो भन्दैमा निराश पनि भइहाल्नु हुँदैन ।

नेपालको प्रकृतिलाई बचाउन हिमाल बचाउँ, नदी जोगाउँ, चुरे संरक्षण गरौँ । मानव समाज समृद्ध बनाउन 'बालबालिकालाई लगानी, युवालाई रोजगारी र ज्येष्ठ नागरिकलाई सम्मान र सुरक्षा' कार्यक्रम लागू गरौँ । सरकारले जसरी कृषकहरूका लागि भनेर 'उत्पादन साथमा, अनुदान हातमा" कार्यक्रम घोषणा गरेको छ, यहीअनुसार देशका युवालाई उत्पादनमा आकर्षित गर्ने प्रयत्न गरेको देखिन्छ । कुनै पनि नीति त्यतिकै बन्दैन । तर नीति बनिसकेपछि त्यो नीतिलाई लागू गर्नु ठूलो कुरा हुन्छ । यसैले नेपाली युवालाई सरकारका नीति तथा कार्यक्रम र बजेटमा विश्वास लाग्ने व्यवहारको खाँचो छ । *(लेखक नेपाल विकास अनुसन्धान प्रतिष्ठानका सदस्य हुनुहुन्छ)*


डा. ललन प्रसाद रौनियार
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# ज्येष्ठ नागरिकसम्बन्धी ऐन छ, कार्यान्वयन छैन

**सुशील दर्नाल**
काठमाडौं, ३२ जेठ (रासस)।

रामेछापका डिलबहादुर मगर शुक्रबार बिहान पुतलीसडक जानका लागि कोटेश्वरबाट नेपाल यातायात चढ्नुभयो। सत्तरी वर्षीय डिलबहादुर बस्नका लागि ज्येष्ठ नागरिक सीट त थियो तर खाली थिएन। ज्येष्ठ नागरिक सीटमा एक जना युवा बसिरहेका थिए। यसै पनि नेपाल यातायातमा भिड हुन्छ। त्यो दिन खुट्टासमेत टेक्ने ठाउँ थिएन। गाडीको गल्लीभरी यात्रु उभिएर यात्रा गरिरहेका थिए। ती युवाले ७० वर्षीय डिलबहादुर निकै कष्टका साथ उभिएर यात्रा गरेको देखे पनि नदेखे झैं गरी बसिरहे।

सहचालकले ज्येष्ठ नागरिकलाई सीट छोड्न आग्रह गर्दासमेत उल्टै अटेर गरिरहे। अनामनगर पुगेपछि सहचालनले डिलबहादुरसँग भाडा मागे। डिलबहादुरले आफू ज्येष्ठ नागरिक भएकाले भाडामा छुट दिन आग्रह गर्दै १० रुपैयाँ मात्रै दिए। तर सहचालकले ज्येष्ठ नागरिकलाई भाडामा छुट दिनेबारे आफूलाई कुनै जानकारी नभएको भन्दै पूरै भाडा दिन अनुरोध गरे। डिलबहादुरले पटकपटक सहचालकलाई कानुनमा ज्येष्ठ नागरिकलाई यातायातमा ५० प्रतिशत छुट दिने व्यवस्था भएको बताउँदा पनि सहचालकले उल्टै झगडा गर्दै पूरै भाडा लिइछाडे।

त्यसैगरी चितवनका ६६ वर्षीय हर्कबहादुर रावतले सञ्चो नभएपछि उपचारका लागि एक निजी अस्पतालमा परीक्षण गराउनुभयो। परीक्षण गराउँदा उहाँलाई घाँटीमा समस्या भएको र शल्यक्रिया गर्नुपर्ने भयो। हर्कबहादुरले शल्यक्रियाका लागि लाग्ने खर्चमा ज्येष्ठ नागरिकले पाउनुपर्ने ५० प्रतिशत छुटको व्यवस्था गर्न अस्पतालसँग आग्रह गर्नुभयो तर अस्पतालले छुट दिन नसकिने बतायो। यसरी नीति/नियम र ऐन/कानूनमा ज्येष्ठलाई नागरिकलाई यातायात र स्वास्थ्य उपचारमा ५० प्रतिशत छुट दिने व्यवस्था भएपनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ मा 'सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको किसिमको सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ज्येष्ठ नागरिकको लागि कम्तीमा दुई सीट सुरक्षित राख्नु पर्नेछ र निजलाई यात्रु भाडादरमा कम्तिमा ५० प्रतिशत छुट दिनु पर्नेछ' भनिएको छ। ऐन ल्याएको १७ वर्ष हुँदा पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। ऐनमा व्यवस्था भए पनि ज्येष्ठ नागरिकहरु न त ज्येष्ठ नागरिक सीटमा बस्न पाएका छन्, न त भाडामा ५० प्रतिशत छुट नै भएको छ। ऐनमा 'सरकारले तोकेको स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले नेपाल सरकारले तोकेको सङ्ख्याका ज्येष्ठ नागरिकले त्यस्तो संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा पचास प्रतिशत छुट दिनुपर्ने छ' भनिएको छ। तर यो कानूनी व्यवस्थाको पनि प्रभावकारी कार्यान्वनय हुन सकेको छैन।

राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका निवर्तमान अध्यक्ष मदनदास श्रेष्ठले ज्येष्ठ नागरिकलाई यातायात र स्वास्थ्य उपचारमा ५० प्रतिशत छुट दिने भनिए पनि व्यावहारिक रुपमा कार्यान्वयन हुन नसकेको भन्दै गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, "यातायातमा ५० प्रतिशत छुटको व्यवस्था कति पनि लागू भएको छैन, स्वास्थ्य उपचारमा ५० प्रतिशत छुट दिनेबारे सरकारी अस्पतालमा कताकति लागू भएको छ, तर निजी अस्पतालमा कत्ति पनि लागू भएको छैन।" ऐन बनाएपछि कार्यान्वयन भए/नभएको अनुगमन गर्ने र कार्यान्वयन गराउने जिम्मेवारी सरकारकै भएको उहाँको भनाइ थियो।

ऐनमा सार्वजनिक सवारीसाधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा र सहयोग प्रदान गर्नु गराउनु सबैको कर्तव्य हुने पनि उल्लेख गरिएको छ। त्यस्तै ऐनमा स्वास्थ्य सेवा प्रदान गर्ने प्रत्येक संस्थाले ज्येष्ठ नागरिकलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ र खानेपानी, बिजुली, टेलिफोनलगायत सार्वजनिक सेवा प्रदान गर्ने अन्य संस्थाले सेवा प्रदान गर्दा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनु पर्नेछ र ज्येष्ठ नागरिकलाई समय समयमा अन्य छुट र सुविधा दिन सक्नेछ पनि भनिएको छ। यी कानूनी व्यवस्थाको पनि प्रभावकारी कार्यान्वयन भएको पाईदैन।

महासङ्घका अध्यक्ष छत्रबहादुर प्रधानले ऐन लागू भएको १७ वर्षसम्म पनि कार्यान्वयन नहुनु विडम्बना भएको टिप्पणी गर्नुभयो। उहाँले भन्नुभयो, "ऐन भनेको राज्यको प्रतिवद्दता हो, तर १७ वर्ष भयो लागू हुन सकेको छैन, राज्यले ऐन ल्यायो तर कार्यान्वयन भए नभएको बारे कहिल्यै चासो देखाएन।"

यातायातमा ज्येष्ठ नागरिकलाई ५० छुट कार्यान्वयनका लागि सरकारले नै सवारीसाधन तोकेर कार्यान्वयन गर्नुपर्ने उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, "स्वास्थ्य क्षेत्रमा ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुट दिने व्यवस्था कार्यान्वयन हुनु त कता हो कता अस्पतालले ज्येष्ठ नागरिकले सिटामोलसमेत सित्तैमा दिदैन।" सर्वोच्च अदालतको २०६७ चैत २४ गतेको फैसलाले ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायातमा भाडामा ५० प्रतिशत छुट दिन, सरकारी अस्पतालमा निःशुल्क र निजी अस्पतालमा ५० प्रतिशत छुटलाई कार्यान्वयन गर्न सरकारको नाममा आदेश जारी गरेको थियो।

नेपालको संविधान, २०७२ को धारा ४१ मा ज्येष्ठ नागरिकको हकः "ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ" भनी ज्येष्ठ नागरिकको हकलाई मौलिक हकमा समावेश गरिएको छ। त्यसैगरी राज्यका नीतिहरु ( धारा ५१, (ञ) "सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति" ( १२) मा सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने भनिएको छ। ज्येष्ठ नागरिकहरुले विगत लामो समयदेखि स्वास्थ्य उपचार, यातायात भाडामा छुटको व्यवस्था र सिटको व्यवस्थालगायतका माग गर्दै आएका छन्। ज्येष्ठ नागरिकले सरकारले दिँदै आएको मासिक भत्तालाई बढाउनुपर्ने, स्वास्थ्य र यातायातमा दिइएको ५० प्रतिशत छुटको व्यवस्थालाई कार्यान्वयन गर्नुपर्नेलगायतका माग राखेर विभिन्न सङ्घर्षका कार्यक्रम समेत गर्दै आएका छन्।

मानव जीवन चक्रमध्येको एक उमेर समूह जुन उमेरसँगै परिपक्व बन्दै व्यवहारमा परेर, भोगेर र बुझेर खारिएका व्यक्तिलाई ज्येष्ठ नागरिक भनिन्छ। नेपाल सन्दर्भमा उमेरले ६० वर्ष पार गरेका व्यक्तिलाई ज्येष्ठ नागरिकको दर्जामा राखिएको छ। ऐनमा ज्येष्ठ नागरिकलाई आफ्नो आर्थिक हैसियत तथा इज्जतअनुसार पोलनपोषण तथा हेरचाह गर्नु परिवारका प्रत्येक सदस्यको कर्तव्य हुने भनिएको छ। अहिले पनि परिवारको हेला र वेवास्ताका कारण ज्येष्ठ नागरिकहरु वृद्धाश्रममा बस्न बाध्य छन्।

सन् २०१७ मा ६० वर्षमाथिका ज्येष्ठ नागरिकको सङ्ख्या विश्वको जनसङ्ख्याको १३ प्रतिशत रहेको थियो। विश्वमा ज्येष्ठ नागरिकको जनसङ्ख्या वार्षिक तीन प्रतिशतले बढिरहेको र सन् २०५० सम्ममा करिब २१ प्रतिशत हुने र सो अवधिसम्म ज्येष्ठ नागरिकको कूल सङ्ख्या १० वर्षमुनिका कुल बालबालिकाभन्दा बढी हुने अनुमान गरिएको छ।

अहिले नेपालीको सरदर आयु दर ६८ वर्ष पुगेको छ। यसको कारण ६० वर्षे ज्येष्ठ नागरिकको सङ्ख्या तुलनात्मक रुपमा बढ्दै आएको छ। राष्ट्रिय जनगणना २०२८ मा ५.६१ प्रतिशत रहेको ज्येष्ठ नागरिकको सख्या २०३८मा ५.७१ प्रतिशत पुग्यो। यसैगरी २०४८ मा ५.८१ प्रतिशत रहेको ज्येष्ठ नागरिकको सङ्ख्या २०५८ मा वृद्धि भई ६.५० प्रतिशत रहेको थियो। १० वर्ष पछि २०६८ मा ८.१३ प्रतिशत ज्येष्ठ नागरिक रहेका छन्। २०७८ सालको जनगणनाअनुसार ज्येष्ठ नागरिक जनसङ्ख्या १०.१५ प्रतिशत पुगेको छ।

अग्रज समाजका अध्यक्ष महाप्रसाद पराजुलीले ज्येष्ठ नागरिकको अनुभवलाई राज्यले सम्मान गर्दै उनीहरुले पाउनु पर्ने सेवा सुविधालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नुपर्ने माग गर्नुभयो। संयुक्त राष्ट्रसङ्घले सन् १९९१ मा वद्धवृद्धाको सुरक्षा, स्वतन्त्रता, सहभागिता, रेखदेख, आत्मसन्तुष्टि र मर्यादालाई प्राथमिकता दिने प्रस्ताव पारित गरिसकेको छ। 'ज्येष्ठ नागरिक' भन्नाले साठी वर्ष उमेर पूरा गरेको नेपाली नागरिक सम्झनु पर्छ।

यसैगरी 'असहाय ज्येष्ठ नागरिक' भन्नाले जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको, पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको, परिवारको सदस्य भए पनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेको व्यक्तिलाई बुझिन्छ। पैतृक सम्पत्तिमा छोराछोरीको हक दाबी नलाग्ने, आमा बाबु जीवित रहन्जेल पैतृक सम्पत्ति छोराछोरीको नाममा नामसारी गर्न नपाइने र बाबु आमाका विरुद्धमा कुनै वहानामा उजरी गर्न नपाइने विषयलाई कानूनमा नै व्यवस्था गर्नुपर्ने माग समेत ज्येष्ठ नागरिकले गर्दै आएका छन।

पछिल्लो समयमा संयुक्त भन्दापनि एकल परिवारको संस्कृति झन झन मौलाइरहेको सन्दर्भमा 'ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' भनी संविधानमा उल्लेख अधिकारका आधारमा जतिसक्दो चाँडो ऐन/कानून निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न सकेको खण्डमा वास्तवमा ज्येष्ठ नागरिकप्रति अतिकति भएपनि न्याय हुने देखिन्छ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा भिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका, सप्तरी**


# विश्व समाचार

## निस्सासिएर दुई जना खानी मजदुरको मृत्यु, पैतिस जना बेहोस

काबुल, ३२ जेठ (रासस/सिन्ह्वा)।

अफगानिस्तानको साङ्गन प्रान्तमा निसास्सिएर दुई जना खानी मजदुरको मृत्यु भएको छ भने अन्य ३५ जना बेहोस भएका छन्। साङ्गन प्रान्तको दरा-ए-सुफ बाला जिल्लाको मेराक दाहाने कोइलाखानीमा बुधबार उक्त घटना भएको अफगानिस्तानी समाचार समिति खामा प्रेसले तालिवानका प्रान्तीय अधिकारीलाई उद्धृत गर्दै बिहीबार जनाएको हो।

उक्त कोइलाखानी गैरव्यावसायिक भएको दरा-ए-सुफ बालाका गभर्नर मोहम्मद नसिम खैबरसेकानले बताएका छन्। सुरक्षा उपाय नअपनाउँदा उक्त घटना भएको उनले बताएका छन्। बिरामी भएका सबैको स्थानीय अस्पतालमा उपचार भइरहेको छ।

यसअघि गत शनिबार पनि अफगानिस्तानको बाघलान प्रान्तको कोइला खानीमा निस्सासिएर एकजना मजदुरको मृत्यु भएको थियो भने अर्का एकजना बेहोस भएका थिए। ताला-ओ-बरफाक जिल्लामा रहेको कोइला खानीमा काम गर्ने क्रममा विषाक्त ग्यास चुहिँदा उक्त घटना भएको सुरक्षा अधिकारीले बताएका छन्।

## आवासीय भवनमा आगलागी हुँदा पाँच जना बालबालिकासहित छ जनाको मृत्यु

कुशीनगर (उत्तर प्रदेश), ३२ जेठ (रासस/एएनआई)।

कुशीनगरको एक आवासीय भवनमा आगलागी हुँदा पाँच जना बालबालिकासहित छ जनाको मृत्यु भएको छ।

कुशीनगरको रामकोली थाना क्षेत्रको उर्धा गाउँको एक आवासीय भवनमा बुधबार राति भीषण आगलागी हुँदा एक जना महिला र पाँच बालबालिका सहित छ जनाको मृत्यु भएको जिल्लाका मजिस्ट्रेट रमेश रञ्जनले जनाएका छन्। आगलागीको कारण भने अहिलेसम्म थाहा हुन सकेको छैन। सुतिरहेको अवस्थामा महिला र बालबालिकाको मृत्यु भएको हो।

आगलागीको खबर प्राप्त हुनासाथ दमकलले घटनास्थलमा पुगेर आगो निभाएको थियो। जिल्ला अधिकारी र प्रहरी उपरीक्षकले पनि घटनास्थल पुगेर अग्निसमनमा समन्वय गरेका थिए। उनीहरुले शवलाई पोष्टमार्टमका लागि स्थानीय अस्पताल पठाएर घटनाको अनुसन्धान गर्न निर्देशन दिएका छन्।

## अष्ट्रेलियाको संसद्मै सिनेटरमाथि यौन आक्रमण

सिड्नी, ३२ जेठ (रासस/एएफपी)।

एक जना अष्ट्रेलियाली सांसदले सदनभित्रै आफूमाथि यौन आक्रमण भएको आरोप लगाउँदै महिलाका निम्ति संसद् 'सुरक्षित स्थान' नभएको बताएकी छन्।

बिहीबारको संसद् बैठकमा रुदै स्वतन्त्र सांसद लिडिया थोर्पेले आफूमाथि 'यौन टिप्पणी' भएको, भ्याङमा भाग्नै नसकिने परिस्थिति सृजना गरिएको केही 'शक्तिशाली पुरुष'द्वारा 'गलत नियतले छोइएको र प्रस्ताव' गरिएको दाबी गरेकी छन्।

लिवरल पार्टीका सांसद डेभिड भानले आफूमाथि यौन दुर्व्यवहार गरेको पीडित थोर्पेको आरोप छ। डेभिडलाई उनको दलले निलम्बन गरेको छ। उनले आफूमाथि आधारहीन आरोप लगाइएको बताएका छन्। आफूमाथि लगाइएको आरोपबाट आफू चकित भएको उनले उल्लेख गरेका छन्।

जब आरोपहरू अष्ट्रेलियाको गम्भीर मानहानि कानूनबाट सुरक्षित थिए, थोरपेले भने कि भ्यानले यस मामिलामा वकिलहरूलाई संलग्न गराएको थियो र उनले संसदीय नियमहरू नेभिगेट गर्न आफ्नो मुद्दा पुनः दोहोऱ्याउनु परेको थियो।

आफूमाथि भएको यौन आक्रमणबारे बताउँदै पीडितले आफू सदनबाट बाहिरिने बेलामा सधैं सर्वप्रथम सुस्तरी ढोकाबाट हेर्ने, भ्याङ र वरपर कोही पुरुष नभएको निर्क्योल गरेर मात्र हिँड्नुपर्ने परिस्थिति उत्पन्न भएकाले संसद् भवन नै महिलाका निम्ति असुरक्षित रहेको गुनासो गरिन्। संसदबाट एक्लै बाहिरिन नसकिने उनको कथन थियो। आफूले भोग्नुपरेको दुर्व्यवहारको शिकार अन्य महिला सांसद पनि भएका तर उनीहरूले आफ्नो 'करिअर'लाई महत्व दिएकाले त्यसलाई गौण राखेका उनले बताइन्।

सन् २०२१ देखि अष्ट्रेलियाको राजनीति र संसद् यौन हमला र उत्पीडनका 'हाइ प्रोफाइल' काण्डबाट प्रभावित भएको छ। त्यसबेलाकी पूर्वराजनीतिक सहयोगी ब्रिटनी हिगिन्सले कञ्जरभेटिप पार्टीका एक जना कर्मचारीले अत्यधिक मदिरा पिएपछि क्याबिनेट मन्त्रीको संसदीय कार्यालयको सोफेमा बलात्कार गरेको आरोप लगाएकी थिइन्।

अष्ट्रेलियाको संसद्मा यौन उत्पीडनका घटना बढेपछि सरकारीस्तरमा गरिएको एक अनुसन्धानले पनि सांसद र कर्मचारी यौन हिंसाको शिकार भएका पुष्टि गरेको थियो। अनुसन्धानअनुसार हरेक तीन जनामध्ये एक जना यौन दुर्व्यवहार झेल्नु परेको थियो जसमा त्रिसट्ठी प्रतिशत महिला सांसद कुनै न कुनै रुपमा यौन हिंसाको शिकार भएका थिए।

# अनलाइन बेटिङमार्फत सट्टेबाजी प्रचार गरेको आरोपमा आठ पक्राउ

काठमाडौं, ३२ जेठ (रासस)।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले अनलाइन बेटिङ प्लेटफर्ममार्फत सट्टेबाजीको कारोबारको प्रचार गरेको आरोपमा बल्छी धुवे नामले परिचित कलाकार मरिचमान श्रेष्ठसहित बिहीबार आठ जनालाई पक्राउ गरेको छ।

प्रतिबन्धित विभिन्न अनलाइन बेटिङ प्लेटफर्ममार्फत सट्टेबाजी गर्नका लागि विज्ञापन गरेको आरोपमा उनीहरुलाई पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक डा मनोजकुमार केसीले जानकारी दिनुभयो। उहाँका अनुसार पक्राउ पर्नेमा मरिचमान श्रेष्ठ, राजु पौडेल, पवन खतिवडा, एलिश राई, ज्वलन घर्तीमगर, गणेश देवकोटा, सरोज घिमिरे र वेगम नेपाली छन्।

पक्राउ परेका कलाकारहरुले युट्युबमार्फत् अनलाइन बेटिङको विज्ञापन गरेको प्रहरीको आरोप छ। उनीहरुले युट्युबमार्फत प्रोमो कोड प्रयोग गरी वानएक्स बेटिङमा छुट प्राप्त गर्न सकिने भन्दै विज्ञापन गरेका थिए। कलाकार एवं युट्युबरले विज्ञापन गरी सट्टेबाजीमा युवापुस्तालाई आकर्षण गर्ने गरेको भन्दै प्रहरीले अप्रेसन चलाएको थियो।

अनलाइन बेटिङमार्फत सट्टेबाजीको कारोबार गरेको आरोपमा बुधबारमात्रै उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पाँच जनालाई पक्राउ गरी सार्वजनिक गरेको थियो। पाँच जनाले मात्रै रु ७४ करोडको कारोबार गर्ने गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ।

उक्त कारोबारमा गरेको आरोपमा पक्राउ पर्नेमा कैलाली घर भई काठमाडौंको मैजुबहाल बस्ने २९ वर्षीय दिनेश खड्का, २८ वर्षीया अनिता धिताल, भक्तपुरको मध्यपुर ठिमी-४ बस्ने २७ वर्षीय दिपेश श्रेष्ठ, कञ्चनपुर घर भई काठमाडौं बुद्धनगर बस्ने २५ वर्षीय दिनेश चन्द र नुवाकोट घर भई नागर्जुन बिसी क्याप स्किल बस्ने २४ वर्षीय आशीष लामिछाने रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक डा केसी बताउनुभयो।

पक्राउ परेकाहरुको खातामा करोडौं रकमको कारोबार भएको देखिएको थियो। साथै दिनेश खड्का एक्लैको खाताबाट रु ६४ करोड ७७ लाख ८८ हजार ७७१ बराबरको कारोबार भएको देखिएको छ। यसैगरी श्रेष्ठको खातामा रु पाँच करोड ५४ लाख ६६ हजार, चन्दको रु ४५ लाख र लामिछानेको रु दुई करोड ९८ लाख ९६ हजारको कारोबार भएको खातामा देखिएको छ।

आशीष लामिछानेले रु ३७ लाख बराबरको नगद कारोबार समेत गरेको प्रहरीले जनाएको छ। उक्त रकम प्रहरीले बरामद गरी बुधबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको थियो। पक्राउ परेकाबाट रु ७४ करोड १३ लाख ५० हजार सात सय ७१ बराबरको कारोबार भएको भेटिएको थियो। प्रहरीले उनीहरुमाथि थप अनुसन्धान अघि बढाएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ।

मुलुकी अपराध संहिता, २०७४ को धारा १२५ मा जुवा खेल्न वा सट्टाबाजी गर्न नहुने व्यवस्था छ। धारा १२५ को ९२० को उपदफा ९१० को (क) मा पहिलो पटक जुवा खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा रु ३० हजार सम्म जरिवाना र उपदफा (ख) मा दोस्रो पटकदेखि जुवा खेल्ने वा खेलाउनेलाई एक वर्षसम्म कैद र रु ५० हजार सम्म जरिवाना र त्यसपछिको कसूरमा पटकैपिच्छे थप तीन महिनासम्म कैद र रु १० हजार सम्म जरिवाना हुने व्यवस्था रहेको छ।

# नागरिकताविहीन नागरिकलाई छिटो न्याय दिनुपर्नेमा सांसदको जोड

काठमाडौं, ३२ जेठ (रासस)।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरुले नागरिकताविहीन बनेका नेपालीलाई तत्काल नागरिकता प्राप्त गर्न न्यायलयले मार्ग प्रशस्त गरिदिनुपर्नेमा जोड दिनुभएको छ। बैठकको आकस्मिक समयमा उहाँहरुले नागरिकतासम्बन्धी विषयलाई न्यायालयले छिटो निरुपण गरिदिनुपर्ने बताउनुभयो।

नागरिकता नपाउँदा शिक्षा, रोजगारीलगायत आधारभूत अधिकारबाट वञ्चित भएको जनाउँदै उहाँहरुले सङघर्षमा उत्रिएका नागरिकताविहीन नागरिकका आवाज सुन्न सबै पक्षको ध्यानाकर्षण गराउनुभयो।

सांसद अब्दुल खानले नागरिकताविहीन नागरिकलाई तत्काल नागरिकता दिन सबैले पहल गर्नुपर्ने बताउनुभयो। "नागरिकताबाट वञ्चित भएका सन्तानले काठमाडौंलगायत देशैभर आत्मदाह गर्ने प्रयास गरिरहेका छन्, यो रोकिएन भने भोलि सामूहिक आत्मदाह गर्न सक्छन्, यसको जिम्मेवारी कसले लिने ? नेपाल सरकारले लिने कि न्यायालयले लिने ?", उहाँले प्रश्न गर्नुभयो, "के नागरिकता माग्नु अपराध हो ? हामी नेपाली हौं, नेपालमा बसोबास गर्ने नागरिक हौं हामीलाई देशको नागरिकता चाहिएको छ भन्नु अपराध हो ?"

सांसद रेखा यादवले नागरिकता विधेयकसम्बन्धी विषयलाई न्यायालयले छिटो निरुपण दिनुपर्ने बताउनुभयो। "यदि राज्य र न्यायालयले न्याय नदिने हो भने अबका युवा कहाँ जलान, कसरी बाँच्लान, यो देशमा कसरी रहलान, यो देश रहनु छ भने युवालाई पनि सञ्चय गरेर राख्न सक्नुपर्छ, होइन भने यो देश कहाँ पुग्ला ?" उहाँले प्रश्न गर्नुभयो।

आफ्ना देशमा बस्ने नागरिकलाई अनागरिक बनाउन नहुनेमा जोड दिँदै उहाँले आफू नेपाली भएर नै उनीहरुले नागरिकता माग गरेका विषयलाई सबैले गम्भीररुपमा लिनुपर्ने बताउनुभयो।

सांसद डा अमरेशकुमार सिंहले आलु प्याजमा भ्याट लगाएर सरकारले गौरवशाली इतिहास कायम गरेको टिप्पणी गर्दै जनताको दैनिकीमा प्रत्यक्ष असर गर्ने यस्ता निर्णय तत्काल खारेज गर्न माग गर्नुभयो।

सर्लाहीमा किसानले घरमा पालेर बिक्री गरेको खसी बोकालाई भन्सार छलेर ल्याएको भन्दै प्रहरीले नियन्त्रणमा लिएको विषयमा सरकारको ध्यानाकर्षण गराउँदै सांसद सिंहले प्रहरीका यस्ता गतिविधिले सीमा क्षेत्रमा बसोबास गर्ने किसानलाई समस्या भएको बताउनुभयो। "किसान गरिबलाई कृषि तथा पशुपालनमा सरकारले प्रोत्साहन गरोस्", उहाँले भन्नुभयो।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

अनुरोधकर्ता
महादेवा गाउँपालिका, सप्तरी



## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

कन्सलटेन्ट फिजिसियन

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी

हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



## जातीय छुवाछुत तथा विभेद कानूनी अपराध छी

नेपालके संविधान, २०७२ के प्रस्तावना तथा मौलिक हकके रूपमे छुवाछुतआ जातीय विभेद विरुद्ध अधिकारक प्रत्याभूति कएल गेल अछि। सब प्रकारक जातीय छुवाछुत तथा विभेद आ उत्पीड़नके अन्त्य करबाक प्रतिज्ञा कएल गेल अछि।

धारा १६ अनुसार प्रत्येक व्यक्तिके सम्मानपूर्वक जिबाक हकके व्यवस्था कएल अछि। कोनो व्यक्तिके उत्पत्ति, जाइत-पाइत, समुदाय या पेशा-व्यवसायके आधारमे कोनो निजी तथा सार्वजनिक स्थानमे छुवाछुत तथा भेदभाव नहि कऽ सकै छी।

तैं केकरो उपरो उपर छुवाछुत एवम् भेदभाव नहि करु।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.

राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : *rajbirajdainik@gmail.com*, वेबसाइट : *rajbirajdainik.com.np*